**विषयः प्राङ्गारिक मल व्यवस्थापन सम्बन्धी शिलबन्दी बोलपत्र (आर्थिक तथा प्राविधिक प्रस्ताव) पेश गर्ने सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७७/१०/२०)

पाँचखाल नगरपालिकाको समन्वय र निजी क्षेत्रको ५०% साझेदारीमा घरघरको फोहोर संकलन गरी प्राङ्गारिक मलको उत्पादन तथा प्रशोधन गरी प्राङ्गारिक खेतिको शुरुवात गर्ने उद्देश्यले रु ७५,००,०००।- (अक्षेरुपी पचहत्तर लाख रुपैया मात्र) बागमती प्रदेश सरकारको शसर्त अनुदान कार्यक्रम रहेकाले निर्धारित शर्त बमोजिम इच्छुक संघ संस्थाबाट खामबन्दी गरी प्रस्ताव पेश गर्न ३० दिनको सार्वजनिक सूचना आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**शर्तहरु**

१. संस्था छनौट हुनका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न संस्था दर्ता भएको, सम्बन्धित विषयमा कम्तीमा १ वर्ष कार्य अनुभव भएको, VAT/PAN दर्ता भएको, नियमानुसार वार्षिक नविकरण भएको, आ.व. २०७६/७७ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२. आर्थिक तथा प्राविधिक प्रस्तावमा पाँचखाल नगरपालिका क्षेत्रको घरघरको फोहोर (प्राङ्गारिक) व्यवस्थापन योजना दिगो हुने गरि न्युनतम लागत अनुमान र डिजाइन, ड्रइङ्ग उल्लेख गरिएको हुनुपर्नेछ ।

३. आधुनिक प्रविधिबाट प्राङ्गारिक मलको उत्पादन तथा प्रशोधन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । उक्त कार्यक्रमको न्यूनतम लागत रु १,५०,००,०००।- (एक करोड पचास लाख रुपैया मात्र) रहनेछ । जसमध्ये निजी क्षेत्रले कम्तिमा ५० प्रतिशत लागत साझेदारी गर्नुपर्नेछ।

४. विस्तृत आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी पुनः एउटै खाममा राखी प्रस्ताव बुझाउने अन्तिम मिति २०७७/११/२० गते मध्यान्ह १२:०० बजेभित्र पेश गर्नुपर्नेछ र सोही दिनको १:०० बजे उक्त प्रस्ताव खोलिनेछ ।

५. नगरपालिकाले निर्धारण गरेको सूचकको आधारमा उपयुक्त संस्था छनौट हुनेछ । संस्था छनौट प्रकृया स्वीकृत गर्ने वा कुनै पनि समयमा पूर्ण वा आंशिक रुपमा रद्द गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सिमित रहनेछ ।

६. प्रस्ताव फाराम मिति २०७७/११/१९ गतेसम्म कार्यालय समयभित्र रु. २,००० (अक्षेरुपी दुई हजार रुपैया मात्र) तिरी खरिद गर्न सकिनेछ ।

७. पेश भएको बोल कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. पाँचखाल शाखामा रहेको धरौटी खाता नं. १२४०३०००००३०००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा कुनै पनि वाणिज्य बैंकबाट जारी गरिएको ठेक्का खोलेको मितिबाट १२० दिन मान्य हुने यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

८. यसमा माथि उल्लेखित व्यहोरामा कुनै कुरा छुट भएको विषय प्रचलित कानून बमोजिम हुनेछ ।

**कामको विवरण**

| क्र.सं. | ठेक्का नं | कामको विवरण | न्युनतम वार्षिक कबोल अंक (मुअक बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | PM/NCB/WM/01/2077/078 | प्राङ्गारिक मल व्यवस्थापन गर्ने कार्य | १,५०,००,०००।- | |